"हाम्रो प्रतिबद्धता हाम्रो रहर, सुन्दर र समृद्ध भरतपुर महानगर"

# भरतपुर महानगरपालिका

चौमासिक

# बुलेटिन २०७५

वर्ष : १ | अङ्क : १ | २०७५, आषाढ




056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

टोल फ्रि नम्बर : १६६०५६५२२२२

भरतपुर
महानगरपालिका
वर्ष : १ अङ्क : १ २०७५, आषाढ चौमासिक बुलेटिन २०७५

संरक्षक
**श्री रेनु दाहाल**
नगर प्रमुख

**श्री पार्वती शाह ठकुरी**
उप–प्रमुख

सल्लाहकार
**श्री नेत्र सुवेदी 'प्रयास'**
प्रमुख प्रशासकीय अधिकृत

संयोजक
**श्री वीरेन्द्र जङ्ग थापा**
उप–सचिव (शिक्षा)

सदस्यहरू
**श्री जगन्नाथ अर्याल**
लेखा अधिकृत

**श्री कृष्ण बहादुर मल्ल ठकुरी**
इन्जिनियर

सदस्य सचिव
**श्री मेनका पण्डित**
सूचना अधिकृत

# सम्पादकीय

भरतपुर महानगरपालिकामा निर्वाचित पदाधिकारी एवम् प्रतिनिधिहरुले पदवहाली गरेको एक वर्ष पुरा भएको छ । त्यस्तै स्थानीय सरकारका रुपमा परिवर्तित प्रशासनिक संरचना तथा थपिएको भूमिकालाई विधि, प्रक्रिया तथा संस्थागत व्यवस्था मार्फत कार्य रुप दिन क्रियाशील रहेको छ ।

सूचनाको हक सम्वन्धी ऐन, २०६३ र नियमावली, २०६४ ले व्यवस्था गरे बमोजिम सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकारलाई सुनिश्चित गर्ने उद्देश्य अनुरुप भरतपुर महानगरपालिकाले यसै बर्ष देखि चौमासिक रुपमा बुलेटिन प्रकाशन गर्ने निर्णय गरे बमोजिम यस आ.व.मा सम्पन्न बिभिन्न गतिबिधिहरु समेटिएको चौमासिक बुलेटिन प्रकाशित गरिएको छ । भरतपुर महानगरपालिका हरेक दृष्टिकोणले मुलुककै केन्द्र बिन्दुमा रहेको र बिभिन्न संभावना बोकेको महानगर भएकाले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रको समेत ध्यानआकर्षण गरी बिभिन्न क्षेत्रमा लगानीका अवसर जुटाउन पनि यस महानगरका हरेक गतिबिधिहरु प्रकाशन र प्रशारण गर्न जरुरी देखिएको छ । महानगरले आगामी अङ्कहरुमा आफ्नो बुलेटिन मार्फत आफ्ना गतिबिधिहरु प्रकाशन गरी नागरिकको सूचनाको हक सुनिश्चित गर्न यो बुलेटिन प्रकाशन कार्यलाई सुधार र परिमार्जन सहित निरन्तरता दिनेछ । नगरको विकासको लागि यो एउटा महत्वपूर्ण स्रोत-सामग्री तथा जानकारी मूलक दस्तावेज समेत भएकोले सम्बन्धित सबैबाट रचनात्मक सुझाव एवं पृष्ठपोषणको अपेक्षा गरेका छौं ।

# महानगरपालिकाको परिचय

**ऐतिहासिक पृष्ठभूमि** : मध्य नेपालमा अवस्थित चितवन जिल्लाको सदरमुकाम रहेको भरतपुर नगरपालिकाको स्थापना वि.सं. २०३५ सालमा भएको थियो । त्यसबेला साविकका भरतपुर र नारायणगढ गाउँ पञ्चायत समावेश गरी भरतपुर नगर पञ्चायत बनाइएको थियो । बहुदलीय व्यवस्थाको पुनर्स्थापना भए पछि २०४८ सालमा भरतपुर नगरपालिकाको रुपमा १४ वडामा विभाजित भई क्रियाशील रहेकोमा नेपाल सरकारको मिति २०७१/०८/१३ को निर्णय अनुसार चितवन जिल्लाका साविकका मंगलपुर, फूलवारी, शिवनगर, गीतानगर, पटिहानी गा.वि.स. हरु समाहित गरी उपमहानगरपालिकामा स्तरबृद्धि गरिएको थियो। त्यस्तै नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णय अनुसार भरतपुर महानगरपालिका साविकका भरतपुर उप–महानगरपालिका, चित्रवन नगरपालिका, नारायणी नगरपालिका र साविकको कविलास गा.वि.स. मिलाएर बनाइएको हो।

स्थानीय तह पुनर्संरचना पश्चात् कायम भएका देशका ६ वटा महानगरपालिका मध्ये भरतपुर महानगरपालिका एक हो। ऐतिहासिक, भौगोलिक, आर्थिक, सामाजिक, राजनीतिक र प्राकृतिक श्रोत साधन एवम् पर्यटकीय तत्वको दृष्टीले सम्भावना बोकेको छ भरतपुर महानगरपालिकाले। विविध प्राकृतिक तथा साँस्कृतिक विशेषताहरु बोकेको पाइन्छ। यस क्षेत्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको अवस्थितिले यस महानगरपालिकालाई आर्थिक विकास र सम्बृद्धिका लागि योगदान दिनेछ।

भौगोलिक रुपमा सुगमता भएको कारण आवश्यक भौतिक तथा सामाजिक पूर्वाधारको अवस्था राम्रो छ। शिक्षा, स्वास्थ्य, गरिबी तथा अन्य सूचकहरु पनि तुलनात्मक रुपमा देशका अन्य महानगरपालिका र नगरपालिकाको तुलनामा मजबुत देखिन्छ। यहाँ २ वटा मेडिकल कलेजहरु, नमूना भरतपुर अस्पताल, बि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल र धैरै नै निजी अस्पताल र विभिन्न विधाका तथा नर्सिङ्ग होमको अवस्थितिले यसलाई मेडिकल सिटीको रुपमा विकास गर्न सकिने आधार खडा गरेको छ। साथै कृषि तथा वन विश्वविद्यालय भएको कारण देश कै शैक्षिक विकासको संभावना बोकेको स्थान पनि हो भरतपुर महानगरपालिका।

**नामाकरण** : भरतपुर महानगरपालिका

**भौगालिक अवस्थिति**

| | |
|---|---|
| उत्तरी अक्षांश | २७°३२' ५८" देखि २७° ४५' ४०" |
| पूर्वी देशान्तरमाः | ८४° १९' ४१" देखि ८४° २९' ५" |
| समुद्र सतहदेखि | १४० मिटरदेखि ३९० मिटरसम्म |
| क्षेत्रफल | ४३२.९५ वर्ग कि.मि. |

**सीमानाः**

पूर्व : रत्ननगर न.पा., कालिका न.पा. र ईच्छाकामना गा. पा.

पश्चिम : चितवन राष्ट्रिय निकुञ्ज र नवलपरासी जिल्ला

उत्तर : तनहुँ जिल्ला

दक्षिण : चितवन राष्ट्रिय निकुञ्ज

## भौगोलिक स्वरूप

भौगोलिक रूपमा भरतपुर महानगरपालिका २७°३२' ५८" देखि २७° ४५' ४०" उत्तरी अक्षांश र ८४° १९' ४१" देखि ८४° २९' ५" पूर्वी देशान्तरमा पर्दछ। भरतपुर नजिकका ग्रामीण तथा पहाडी बस्तीहरूबाट बसाइँ सरी आएका मानिसहरूको बस्ती हो। कुनै कुनै आदिवासी जस्तै थारु, दराई, कुमाल, चेपाङ आदि बाहेक प्रायः सबै मानिस अन्यत्रबाट बसाइँ सरी आएका छन्। मूलतः हैजा महामारी नियन्त्रण भएपछि नै बसाइँ सर्ने प्रक्रिया अत्यधिक हुन गएको हो साथै ६० को दशकको राप्ती उपत्यका विकासको चर्चाले पनि बसाइँ सराइँमा निकै तीव्रता ल्यायो। नगरमा विभिन्न किसिमका मिश्रित जातजातिहरू बसोबास गर्ने भए तापनि मुख्यतः अधिक मात्रामा ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, गुरुङ जातिहरू नै रहेको पाइन्छ। नारायणगढमा भने विशेषतः पहिलेदेखि नै नेवार जातिको बाहुल्यता रहेको देखिन्छ। यी बाहेक पुराना आदिवासीहरू न्यून मात्रामा भए पनि भरतपुरका छेउछाउमा छरिएर रहेका अवस्थामा बसोबास गरी बसेका पाइन्छन्।

**भू–बनावटः**

खास गरी नारायणी नदीको प्रभावको कारण भरतपुरको जमिनको बनावटलाई हेर्दा दुई तहमा छुट्याउन सकिन्छ। तल्लो समथर सतह जुन वडा नं. १, २, ३ र ४ तथा ५ को केही भागमा पर्ने गर्दछ त्यहाँको माटो विशेष गरी नारायणीको बगरले गर्दा ग्राभेल मिश्रित रहेको छ भने माथिल्लो समथर सतह जुन माथि उल्लेखित वडा बाहेक अन्य वडामा पर्दछन्, त्यहाँ बलौटे र पानीको प्राकृतिक नाला (घोल) भएको क्षेत्र वरिपरि चिम्ट्याइलो किसिमको रहेको छ। भौगोलिक दृष्टिकोणले भरतपुरको माटो उर्वर मानिन्छ। यहाँको कृषि जमिन प्रायः सबै सिञ्चित छन्। नारायणी लिफ्ट सिंचाइले नगरपालिकाको प्रायः सम्पूर्ण कृषि जमिनमा सिंचाइको सुविधा पुऱ्याएको छ।

**जलवायु :**

समुद्री सतहबाट कम उचाइमा, तल्लो समथर भू–भागमा र महाभारत पर्वतको नजिकै परेको कारण भरतपुर क्षेत्रमा औसत तापक्रम बढी, आद्रतायुक्त जलवायु भएको पाइन्छ। यहाँ पुस, माघ महिनामा सबैभन्दा जाडो हुने गरेको र सो समयमा न्यूनतम तापक्रम १० डि.से. सम्म हुने गरेको छ भने बैशाख, जेष्ठ, असारमा अधिकतम गर्मी हुने महिना हो जुन समयमा ४० डि.से. सम्म तापक्रम पुग्ने गरेको पाइएको छ। यहाँको वार्षिक औसत तापक्रम २५ डि.से. रहेको छ। भरतपुरमा वार्षिक औषत वर्षा १,५०० मि.मि. हुने गर्दछ जसमध्ये लगभग ७८ प्रतिशत वर्षा असार, साउन, भदौमा मनसुनी वर्षाको रूपमा हुने गर्दछ। साधारणतया बैशाख र जेठ महिनामा तुलनात्मक रूपमा सुख्खा हुने गरेको छ।

**हावापानी :**

| | |
|---|---|
| औषत वर्षा | १५०० मी.मी. |
| औषत तापक्रम | २५ डि.से. |
| न्यूनतम तापक्रम | १० डि.से. |
| अधिकतम तापक्रम | ४० डि. से. |

*स्रोत : भरतपुर महानगरपालिका सूचना शाखा*

## पर्यटकीय स्थलहरूको विवरण

**(धार्मिक/ऐतिहासिक/पुरातात्विक):**

भरतपुर महानगरपालिकामा पर्यटन क्षेत्रलाई मोटामोटी रुपमा ४ भागमा विभाजन गर्न सकिन्छ, जसलाई यसरी प्रस्तुत गरिएको छ।

**क) प्राकृतिक स्थलहरु**

राष्ट्रिय निकुञ्ज, २० हजारताल, नारायणी नदी, ज्ञानेश्वर सामुदायिक वन, बि.पी. शान्तिनगर वन, रानी पोखरी आदि यस महानगरपालिकाका प्राकृतिक दृश्यावलोकनका लागि मनोरम स्थलको रूपमा लिन सकिन्छ।

**ख) ऐतिहासिक स्थलहरु**

भरतपुर महानगरपालिका वडा नं २९ मा कविलासगढी, दियालो बंगला दरबार आदि महत्वपूर्ण ऐतिहासिक पर्यटकीय स्थलहरू रहका छन्।

**ग) धार्मिक स्थलहरु**

देवघाट, कालिका मन्दिर शिवघाट, सितामाई आदि पर्दछन्। यी मध्ये देवघाट क्षेत्रमा वर्षेनी ठूलो संख्यामा तीर्थयात्रीहरू आउछन् र विशेष गरी माघेसंक्रान्तिमा यहाँ ठूलो मेला लाग्दछ।

**घ) साँस्कृतिक क्षेत्रहरु**

यस जिल्लामा विभिन्न आदिवासीहरूले वसोवास गर्दै आइरहेका छन्। तीमध्ये मुख्य रूपमा चेपाङ, थारु, बोटे, मुसहर, माझी, दराई, कुमाल आदिको रहन सहन भेषभूषा र जीवनशैली अध्ययन गर्नको लागि यो महानगरपालिका उपयुक्त स्थलको रूपमा रहेको छ। धार्मिक, सांस्कृतिक, सामाजिक तथा अन्य स्थलहरूको विशेष विवरण निम्नानुसार दिइएको छ :

**बागेश्वरी मन्दिरः**

हाल वडा नं. २ को भरतपुर मेडिकल कलेज नजिकै पर्ने बागेश्वरी मन्दिर पाल्पाका राजा मुकुन्दसेन भन्दा पहिले स्थापना भएको र योगी नरहरीनाथद्वारा पुर्नस्थापना भएको मान्यता रहिआएको छ।

**हरिहर मन्दिरः**

विवाह, व्रतबन्ध र अन्य कार्यको लागि प्रसिद्ध यो मन्दिर वडा नं.१ मा नारायणी नदीको किनारमा पर्दछ।

### पशुपतिनाथ मन्दिरः

महेन्द्र बसपार्कको आडमा पर्ने यो मन्दिर अर्को एक महत्त्वपूर्ण मन्दिर हो।

### दुर्गा मन्दिरः

भरतपुरको बसेनीमा रहेको नेपाल प्रहरीद्वारा निर्मित दुर्गा मन्दिर दैनिक पूजाआजाको लागि महत्वपूर्ण छ।

### गणेश स्थान मन्दिरः

भरतपुर वडा नं. ११ को बसेनीमा पर्ने यो अर्को एक धार्मिक स्थल हो। पाल्पाका राजामणि मुकुन्द सेनले स्थापना गरेको मानिने यो मन्दिर स्थलमा विवाह, ब्रतवन्ध जस्ता कार्यक्रमहरूको लागि प्रख्यात छ।

### दियालो बंगला दरबारः

यो दरबार भरतपुर वडा नं. १, आँपटारी, नारायणी नदीको किनारमा पर्दछ। शाह राजाहरूले बनाएको यस दरबारमा हिउँद महिनामा राजपरिवारहरू विश्राम गर्न आउने गर्दथे।

### देवघाट :

चितवन र नेपालको मात्र नभई देवघाट समस्त हिन्दूहरूको महत्वपूर्ण धार्मिक स्थलको रूपमा परिचित छ। विशेष चार्डपर्वहरूमा नेपालबाट मात्र नभई भारत लगायत अन्य मुलुकबाट पनि तीर्थ गर्नको लागि मानिसहरू आउने गर्दछन्। कालीगण्डकी र नारायणी नदीको संगमस्थलमा रहेको पवित्र तीर्थस्थल नगरपालिकाको वडा नं. १ मा पर्दछ। यसरी विभिन्न किसिमका हिन्दू मठमन्दिर, गुफा र प्राकृतिक सुन्दरताले भरिएको यो क्षेत्र धार्मिक तथा पर्यटकीय दृष्टिले भरतपुरको लागि एक महत्वपूर्ण स्थल हो।

### नारायणी नदीः

सहरको उत्तर पश्चिम हुँदै बगिरहेको नारायणी नदी भरतपुरको प्रमुख जलधारा हो। यो नदीको किनारमा सूर्योदय एवम् सूर्यास्त हेर्न तथा पवित्र देवघाट स्नानका लागि पर्यटक तथा भक्तजन सधैं नदी किनारमा पुगेका हुन्छन्।

### चितवन राष्ट्रिय निकुञ्ज

प्राकृतिक स्थलहरूमध्ये चितवन राष्ट्रिय निकुञ्ज जैविक विविधताको दृष्टिकोणले विश्वमा नै प्रख्यात छ र विश्व सम्पदा सूचीमासमेत सूचीकृत छ। यस निकुञ्जमा ४३ किसिमको जनावरहरूको बसोबास रहेको छ। एकसिंगे गैंडा, जो विश्वमै लोप हुने अवस्थामा पुगेको दुर्लभ वन्यजन्तु हो, यसको बासस्थान पनि यसै निकुञ्जभित्र संरक्षित छ। त्यस्तै दुर्लभ वन्यजन्तुको रूपमा सूचीकृत बाघले पनि यसै निकुञ्जलाई आफ्नो प्यारो बासस्थान बनाएको छ। ९३२ वर्ग कि.मी. क्षेत्रमा फैलिएको निकुञ्जभित्र हात्ती प्रजनन् केन्द्र, गिद्ध तथा घडियाल गोही संरक्षण केन्द्र, बिक्रम बाबा मन्दिर, लामी ताल, तमोर ताल रहेका छन्। विश्ववाट समाप्त हुँदै गएको घडियाललाई प्रजनन गरी संरक्षण गर्ने कार्यको लागि पनि चितवन राष्ट्रिय निकुञ्ज प्रसिद्ध छ। ४०० भन्दा बढी थरिका चराहरू पाइने चितवनको जंगल अनुसन्धानकर्ताहरूका लागि पनि आर्कषक थलोको रूपमा रहेको छ। भरतपुर महानगरपालिकाको पश्चिम र दक्षिण भू-भागमा अवस्थित चितवन राष्ट्रिय निकुञ्ज अवलोकन गर्न वर्षेनी अधिकांश पर्यटकहरु आउने गर्दछन्।

### वडागत अनुसार घरधुरी तथा जनसंख्याको विवरण

| वडा नं. | घर परिवार संख्या | पुरूष | महिला | जम्मा | क्षेत्रफल वर्ग कि.मि. | जनघनत्व | मुख्य वस्तीहरू |
|---|---|---|---|---|---|---|---|
| १ | २५०६ | ५९९४ | ५१७५ | १११६९ | ३६।११ | ३०९।३० | |
| २ | ४१६८ | ८४८९ | ८२४२ | १६७३१ | १।३४ | १२४८५।८२ | |
| ३ | ३५३५ | ७९९२ | ६८२२ | १४८१४ | ४।१९ | ३५३५।५६ | |
| ४ | ३६३६ | ६९५३ | ७६०० | १४५५३ | ८।२२ | १७७०।४४ | |
| ५ | १८८६ | ३९५१ | ४२९७ | ८२४८ | ९।९१ | ८३२।२९ | |
| ६ | २६१० | ५१०२ | ५७२२ | १०८२४ | १२।२१ | ८८६।४९ | |
| ७ | २६९० | ५०८७ | ५४१८ | १०५०५ | ४।१४ | २५३७।४४ | |
| ८ | १५६९ | ३४०५ | ३६७५ | ७०८० | ६६।६६ | १०६।२१ | |
| ९ | २३४४ | ४३६१ | ४७९६ | ९१५७ | ५।३० | १७२७।७४ | |
| १० | ६४९७ | १२३६२ | ११०९६ | २३४५८ | ३।९४ | ५९५३।८१ | |
| ११ | ५३१८ | १०२३७ | १०८७६ | २१११३ | ९।११ | २३१७।५६ | |
| १२ | १८३८ | ५३७४ | ५५७५ | १०९४९ | १२।५३ | ८७३।८२ | |
| १३ | १४८५ | २८४१ | ३१७७ | ६०१८ | ९।७० | ६२०।४१ | |
| १४ | २२९२ | ४२२२ | ५१०७ | ९३२९ | १२।०७ | ७७२।९१ | |
| १५ | २६४८ | ५२७० | ५८६३ | १११३३ | २०।५० | ५४३।०७ | |
| १६ | ३२३६ | ६४१७ | ७३०२ | १३७१९ | १७।०६ | ८०४।१६ | |
| १७ | १५१४ | ३०१८ | ३६९२ | ६७१० | ७।८७ | ८५२।६० | |
| १८ | १६७५ | ३१५० | ३८६८ | ७०१८ | १०।३३ | ६७९।३८ | |
| १९ | १४७३ | २७९१ | ३३८४ | ६१७५ | ६।२९ | ९८१।७२ | |
| २० | १५७७ | ३०५७ | ३६४७ | ६७०४ | ११।८३ | ५६६।६९ | |
| २१ | १६१४ | २९३७ | ३५६९ | ६५०६ | १०।०२ | ६४९।३० | |
| २२ | १२९४ | २३७५ | २८९४ | ५२६९ | ५।२२ | १००९।३९ | |
| २३ | १६५५ | ३३१४ | ३८४५ | ७१५९ | १२।८५ | ५५७।१२ | |
| २४ | ९८२ | २०८१ | २२६० | ४३४१ | ५।२२ | ८३१।६१ | |
| २५ | १८६३ | ३६९३ | ४३६४ | ८०५७ | १४।१६ | ५६९।०० | |
| २६ | १९३८ | ३८३५ | ४५६० | ८३९५ | १८।६३ | ४५०।६२ | |
| २७ | १७६५ | ३५०६ | ४३३९ | ७८४५ | १७।७३ | ४४२।४७ | |
| २८ | १३२३ | २८७५ | ३४९४ | ६३६९ | १२।७० | ५०१।५० | |
| २९ | ११६५ | २८२२ | २९९७ | ५८१९ | ६२।९२ | ९२।४८ | |
| जम्मा | ६९,०३५ | १,३४,००१ | १,४६,५०१ | २,८०,५०२ | ४३२।९५ | ६६५।१० | |

*श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८*

### शैक्षिक संस्थाहरुको विवरण

| सि.नं. | विवरण | सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|---|
| १ | प्रा. वि. | ५१ | ९ | ६० |
| २ | नि. मा. वि. | २२ | १४ | ३६ |
| ३ | मा. वि. | २३ | ५८ | ८१ |
| ४ | उ.मा. वि. | २७ | १२ | ३९ |
| | कुल | १२३ | ८३ | २१६ |

### सडक सञ्जालको विद्यमान अवस्था

| क्र. स. | सडकको वर्गीकरण | लम्वाई कि.मि. | सडकले सेवा पुगेका वडाहरु |
|---|---|---|---|
| १ | पूर्व-पश्चिम राजमार्ग | ४.५ | २, ३, ९, १०, १२ |
| २ | सहायक राजमार्ग मुग्लिन नारायणगढ | १६ | १, २, २९ |
| ३ | पक्की तथा कालोपत्रे | ३६१ | १-२९ |
| ४ | ग्राभेल सडक | ६७० | १-२९ |
| ५ | कच्ची सडक/मौसमी सडक | १३६ | १-२९ |
| जम्मा | | ११८७.५ | |

# विभिन्न शाखा-महाशाखाका प्रगति विवरणहरु

## प्रशासन शाखा

**१. हालसम्म सम्पादित कार्यहरुः**

- कर्मचारीहरुको दैनिक रुपमा हाजिरी चुस्त दुरुस्त राख्ने कार्य ।
- कर्मचारीको तोकिएको पोशाकको अनुगमन सम्बन्धी कार्य ।
- वडा कार्यालयहरु व्यवस्थापन सम्बन्धी कार्य ।
- नगर कार्यपालिका वैठक र निर्णय सम्बन्धी कार्य ।
- कर्मचारीको अनिवार्य अवकास तथा राजिनामा सम्बन्धी कार्य ।
- नगर सभाको निमन्त्रणा सम्बन्धी कार्य ।
- नगर सभाको वैठक संचालन सम्बन्धी कार्य ।
- करार कर्मचारीको म्याद थप सम्बन्धी कार्य ।
- दैनिक ज्यालादारीमा कर्मचारी राख्ने सूचना दरखास्त संकलन, परीक्षा संचालन, नतिजा प्रकाशन तथा नियुक्ति लगायत कर्मचारीको व्यवस्थापन ।
- विषयगत तथा नेपाल सरकारले खटाई पठाएका कर्मचारीहरुको व्यवस्थापन ।
- गुनासो व्यवस्थापन तथा प्रशासनिक कार्यहरु ।
- कार्यालयले तोकेको थप कार्यहरु संपादन गरिएको ।

**२. कार्य सम्पादनमा आइपरेका समस्याहरुः**

- हाजिरी मेशिनले राम्रोसँग काम नगरेको ।

**३. समाधानका लागि गरिएका कार्यः**

- नयाँ प्रविधिको आँखा तथा औठा छाप समेत भएको हाजिरी मेशिन जडान गरियो ।

**४. अनुकरणीय कार्यहरुः**

- हरेक वडा कार्यालयहरुमा Web site मार्फत चिठी पत्र Download गरी वडाको कार्यमा सहजता भएको र हिजो पत्र पठाउने झन्झटिलो कार्य शैलीमा सुधार भएको ।

## सूचना शाखा

**१.सूचना शाखाबाट हालसम्म सम्पादित कार्यहरूः**

- महानगरपलिकाको आधिकारिक इमेल, वेव पेज र सामाजिक संजालको प्रयोग र उचित व्यवस्थापन
- Group sms system संचालन ।
- राजस्व शाखामा Queue System जडान ।
- महानगरपालिकाका २९ वटै वडाहरुमा इन्टरनेट जडान ।
- केन्द्रीय बस टर्मिनल र नारायणगढ बसपार्कमा Free WiFi जडान ।
- सूचना प्रबिधि सम्बन्धी गुनासाहरु सम्बोधन ।
- महानगरपालिका २ वटा भवनमा नेटवर्किगं कार्य सम्पन्न
- CC camera जडान
- बिभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय
- बिभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय कार्यशालामा सहभागिताका लागि पहल गरिएको,
- स्मारिका प्रकाशनका लागि आवश्यक शुभकामना सन्देश तयार गर्ने ।

**२.कार्य सम्पादनमा आइपरेका समस्याहरूः**

- इन्टरनेट प्रवाहलाई व्यवस्थित बनाउन नसकिएको
- महानगरपालिका र अन्य वडा कार्यालयहरुमा आवश्यक कम्प्युटर, प्रिन्टर लगायतका सामग्रीको कमी
- व्यवस्थित नेटवर्किंग नभएको

**३.समाधानका लागि गरिएका कार्यहरूः**

- इन्टरनेटको उचित व्यवस्थापनका लागि महानगरपालिकाका २ वटा भवनमा नयाँ नेटवर्किङ्ग गरिएको ।
- अन्य वडा कार्यालयको हकमा आगामी वर्षमा बजेट छुट्याई आवश्यक सामग्री खरिदका लागि पहल ।

**४.अनुकरणीय कार्यहरूः**

- काम कागज प्रयोग नीति कार्यान्वयनको शुरुवात

## सामाजिक विकास शाखा

| क्र.स | कार्यक्रमको नाम | विनियोजित रकम | सम्झौता रकम | प्रगति अवस्था |
|---|---|---|---|---|
| १ | मेयर कप तथा विविध खेलकुद कार्यक्रम | ५००००००। | | सम्पन्न |
| २ | पूर्णखोप घोषणा | ५०,०००।०० | | सम्पन्न |
| ३ | जन्म दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १०००००। | | आ.सम्पन्न |
| ४ | जन्म दर्ता अभियान | १०००००। | | आ.सम्पन्न |
| ५ | रेडियो कार्यक्रम तथा भित्ते पत्रिका लेखन | ५००००। | | संचालन भएको |
| ६ | बालबालिका स्थितिपत्र तर्जूमा | ८००,०००।०० | | सर्भेक्षण कार्य संचालन |
| ७ | समावेशी बालमैत्री पार्कमा बालखेल सामाग्री | ५००,०००।०० | २७५००० | सम्पन्न |
| ८ | लैगिक हिंसा विरुद्धका अभियान र महिला दिवसहरु कार्यक्रम | ५००००। | २७४१०। | सम्पन्न |
| ९ | सकारात्मक सोच र ब्यवहार परिर्वतन सम्बन्धी तालिम सञ्चालन | ५००००। | २००००। | सम्पन्न |
| १० | महिला शसक्तीकरण कार्यक्रम वडा नं. १ देखि २९ सम्मका लागि मार्था नवजीवन समाज, भरतपुर, चितवनबाट तालिम सञ्चालन | १००००००। | ३०००००। | संचालनमा रहेको |
| ११ | महिला सीपमूलक तालिम कार्यक्रम सञ्चालन शैलजा ट्रष्ट, चितवनबाट | ४००,०००।० | २०००००। | संचालनमा रहेको |
| १२ | बृद्धहरुको जमघट हुने स्थानहरु मर्मत तथा निर्माण | ४००,०००।०० | १५०००। | आ.सम्पन्न |
| १३ | महिला जनप्रतिनिधिहरुका लागि स्थानीय तह सञ्चालन सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन | १०००००। | १०००००। | सम्पन्न |
| १४ | जेष्ठ नागरिक अनुभव आदन प्रदान कार्यक्रम सञ्चालन | ५०,०००।०० | १००००। | आ.सम्पन्न |
| १५ | जेष्ठ नागरिकका सहयोगका लागि नमूना कल्याणकारी वृद्धाश्रम, भरतपुर, चितवनलाई सहयोग प्रदान | ४००,०००।०० | १०००००। | संचालनमा रहेको |
| १६ | दलित नेतृत्व विकास तथा उद्घोषण तालिम | १००,०००।०० | १००,०००।०० | सम्पन्न |

| | | | | |
|---|---|---|---|---|
| १७ | अपाङ्गहरुलाई उपचार, खेल आदिमा सहयोग तथा दिवसको उपलक्ष्यमा अन्तर्क्रियाया गोष्ठी कार्यक्रम | ९०,०००।०० | २००००। | आ. सम्पन्न |
| १८ | क्षयरोग लगायत स्वास्थ्य तथा सरसफाई कार्यक्रम सञ्चालन | २५०,०००।०० | | आ.सम्पन्न |
| १९ | चितवन वहिरा संघ | १०००००। | | सम्पन्न |
| २० | चितवन नेत्रहीन संघ | १०००००। | | सम्पन्न |
| २१ | बौद्धिक अपाङ्गता अभिभावक संघ | १०००००। | | सम्पन्न |
| २२ | अपाङ्गता जागरण अभियान | १००००० | | सम्पन्न |
| २३ | गरिव संग विश्वेश्वर कार्यक्रम | १०४००००। | २४००००। | संचालनमा रहेको |
| २४ | अपाङ्गताको लागि सचेतना कार्यक्रम ४ समूह | ५००००। | ३५०००। | सम्पन्न |

## पशु सेवा शाखा

| क्र.सं | कार्यक्रम विवरण | | ईकाइ | बार्षिक लक्ष्य | | | | हाल सम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वित्तीय प्रगति रु हजारमा | | भौतिक प्रगति | | वित्तीय प्रगति रु हजारमा | | भौतिक प्रगति | |
| १ | पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु | | ० | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| १.५ | माइक्रोसकोप | २९५११ | संख्या | २००.०० | | ४ | | २००.०० | भुक्तानी बाँकी | ४ | ४ |
| १.६ | बडिजो क्यास्टेटर | २९५११ | संख्या | ८०.०० | | ८ | | ८०.०० | भुक्तानी बाँकी | ८ | ८ |
| १.७ | सर्जिकल सेट | २९५११ | पटक | ८०.०० | | ५ | | ८०.०० | भुक्तानी बाँकी | ५ | ८ |
| १.८ | अटोकेलेभ | २९५११ | संख्या | २५.०० | | १ | | २५.०० | भुक्तानी बाँकी | १ | १ |
| | पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु जम्मा | | | | | | | ३८५.०० | | | |
| २ | दूधमा आत्मर्निभर कार्यक्रम | | | | | चालु कार्यक्रम | | | | | |
| २.१ | प्रजनन सेवा | | | | | | | | | | |
| २.१ | तरल नाईट्रोजन खरिद | २२५२२ | लिटर | ५०.०० | | २००० | | ५०.०० | २५ | २००० | १००० |
| २.२ | गाई कृत्रिम गर्भधान गाई | २२५२२ | संख्या | १५०.०० | | २०००० | | १५०.०० | ७५ | २०००० | १६५१२ |
| २.३ | भैंसी कृत्रिम गर्भधान | २२५२२ | संख्या | २०.०० | | १००० | | २०.०० | १० | १००० | ६६५ |
| ३ | पशु आहारा | | | | | | | | | | |
| ३.१ | बर्षेघाँस टियोसेन्टी बजरा वितरण | २२५२२ | हेक्टर | ४९५.०० | | ५० | | ४९५.०० | ४८९ | ५० | ५० |
| ३.२ | बहुबर्षे घाँस वितरण (नेपियर सेट अम्रिसो पाँस्पालम आदी) | २२५२२ | संख्या | ४५०.०० | | २००००० | | ४५०.०० | | २००००० | ० |
| ३.४ | उत्पादनका आधारमा दध उत्पादनमा अनुदान (प्रति लिटर .25 पैसाको दरले) | २३४१२ | लिटर | १७३५.०० | | ७०००००० | | १७३५.०० | भुक्तानी बाँकी | ७०००००० | ६६९८७२१ |
| ५ | पशु स्वास्थ सेवा कार्यक्रम | | | ०.०० | | | | ०.०० | | | |
| ५.१ | उपचार सेवा | | ० | ०.०० | | ० | | ०.०० | | ० | |
| ५.२ | मेडिकल उपचार | २२५३१ | संख्या | ४००.०० | | १५००० | | ४००.०० | ४०० | १५००० | २०५३० |
| ५.३ | सर्जिकल उपचार | २२५३१ | संख्या | ५०.०० | | ६००० | | ५०.०० | ५० | ६००० | ७३२१ |
| ५.४ | गाईनोकोलोजिकल उपचार | २२५३१ | संख्या | ५०.०० | | ९०० | | ५०.०० | ५० | ९०० | १०३४ |
| ५.५ | पशु स्वास्थ तथा बाझापन शिविर कार्यक्रम | २२५२२ | पटक | ६००.०० | | ६ | | ६००.०० | ६०० | ६ | ६ |
| ५.६ | आकस्मिक पशु उपचार सेवा ईपिडेमिक नियन्त्र | २२५२२ | पटक | १००.०० | | ३ | | १००.०० | १०० | ३ | २ |
| ५.७ | हयाचरी /कुखुरा /फर्म/ मासु पसल /डेरी पसल /भेटेरीनरी पसल अनुगमन निरिक्षण | २२५२२ | पटक | ४०.०० | | ४ | | ४०.०० | भुक्तानी बाँकी | ४ | २ |
| ६ | रोग निदान तथा प्रयोगशाला सेवा | २२५२२ | ० | ०.०० | | ० | | ०.०० | | ० | |
| ६.१ | गोबर परीक्षण | २२५३१ | संख्या | २०.०० | | ३००० | | २०.०० | १५ | ३००० | ३२२२ |
| ६.२ | थुनेलो परीक्षण | २२५३१ | संख्या | ६०.०० | | १०० | | ६०.०० | ४० | १०० | ३२१ |
| ६.३ | रगत परीक्षण | २२५३१ | संख्या | ३०.०० | | १०० | | ३०.०० | १५ | १०० | १२३ |

| क्र.सं | कार्यक्रम विवरण | | ईकाइ | बार्षिक लक्ष्य | | | | हाल सम्मको प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वित्तीय प्रगति रु हजारमा | | भौतिक प्रगति | | वित्तीय प्रगति रु हजारमा | | भौतिक प्रगति | |
| ६.४ | ड्रग सेन्सिटीभिटी परीक्षण | २२५३१ | संख्या | ३०.०० | | २०० | | ३०.०० | २० | २०० | १९० |
| ६.५ | नमूना संकलन तथा प्रेषण | २२५२२ | संख्या | ५०.०० | | १५० | | ५०.०० | भुक्तानी बाँकी | १५० | २२० |
| ६.६ | पशु रोग सर्भिलेन्स तथा रिपोटिङ | २२५२२ | ० | ०.०० | | ० | | ०.०० | | ० | |
| ६.७ | मासिक ईपिडिमियोलोजिकल रिपोटिङ | २२५२२ | पटक | १२.०० | | १२ | | १२.०० | ० | १२ | १० |
| ६.८ | खोरेत भ्याक्सिन | २२५२२ | संख्या | २००.०० | | १०००० | | २००.०० | २०० | १०००० | ५६५० |
| ७ | सचेतना अभिबृद्धि कार्यक्रम | २२५२२ | ० | ०.०० | | ० | | ०.०० | | ० | ० |
| ७.१ | वडा स्तरीय प्रोफाईल तयार | २२५२२ | पटक | ३२०.०० | | २९ | | ३२०.०० | भुक्तानी बाँकी | २९ | २९ |
| ७.२ | कम्पाएल तथा पुस्तक छपाई | २२५२२ | पटक | ५०.०० | | १ | | ५०.०० | भुक्तानी बाँकी | १ | ० |
| ७.३ | कम्प्युटर बेसिक तालिम | २२५११ | संख्या | ३५.०० | | ७ | | ३५.०० | ३५ | ७ | ७ |
| ७.४ | कार्यक्रम संचालन भ्रमण | २२५२२ | पटक | २००.०० | | १५ | | २००.०० | भुक्तानी बाँकी | १५ | १० |
| ८ | संचालन तथा मर्मत संभार | २२२१२ | पटक | १००.०० | | ३ | | १००.०० | भुक्तानी बाँकी | ३ | १ |
| २७०० | विविध | २७०० | पटक | ५०.०० | ०.०९ | ५ | | ५०.०० | भुक्तानी बाँकी | ५ | ३ |
| चालु जम्मा | | | | | | | | ५२९७.०० | २१२४ | | |
| पूँजीगत जम्मा | | | | | | | | ३८५.०० | ० | | |

## न्यायिक समितिबाट सम्पादित कामको विवरण

**आ.व. ०७४/०७५ मा भरतपुर महानगरपालिकाको न्यायिक समितिमा परेका, निर्णय भएका र जिम्मेवारी सरेका मुद्दाहरुको विवरण:**

१. लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरी पाउँ भनी केटा तर्फबाट परेका जम्मा मुद्दा थान ३२

२. निर्णय भई अदालतमा सिफारिस भई गएको मुद्दा थान १३

३. तामेलीमा रहेको मुद्दा थान २

४. बाँकी मुद्दा थान १७

५. अन्य प्रकृतिका विवादहरु जम्मा थान ७६ (मेलमिलापको लागि समितिमा पठाइएको)

६. मेलमिलाप समितिबाट समाधान भएका मुद्दा थान २८

७. विवाद दर्ता गरी मेलमिलाप समितिमा सम्पर्कमा नआएका मुद्दा ५

८. मेलमिलाप समितिमा निरोपण हुन बाँकी मुद्दा थान ४३

## शैक्षिक प्रशासन महाशाखा : लक्ष्य नतोकिएको कार्य र प्रगति:

### शिक्षा ऐनको मस्यौदा निर्माण

नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न कानूनको आवश्यकता रहेको सन्दर्भमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शैक्षिक प्रशासन महाशाखाको अगुवाइमा महानगरपालिकाद्वारा गठित शैक्षिक क्षेत्रका विज्ञ समूहसँग छलफल गरी भरतपुर महानगरपालिकाको शिक्षा विधेयकको संसोधित मस्यौदा तयार गरी विधायन समितिमा छलफल पश्चात मस्यौदालाई अन्तिम रुप दिई नगर कार्यपालिकाको बैठकमा संसोधन प्रस्ताव पेश गरिएको छ।

### विद्यालय सुपरीवेक्षण तथा निरीक्षण, अनुगमन

भरतपुर महानगरपालिका क्षेत्रभित्रका विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा प्रभावकारिता ल्याई महानगरभित्रको शैक्षिक वातावरण सुधार गरी गुणस्तर अभिवृद्धि गर्नका लागि २०७५ साल बैशाख पहिलो सातादेखि विद्यालयहरुको समूह सुपरीवेक्षणको माध्यमबाट विद्यालयहरुको निरीक्षण तथा सुपरीवेक्षण प्रणालीलाई प्रभावकारी वनाउँदै लगिएको छ । अनुगमनको क्रममा विविध विषयमा शिक्षक तथा सरोकारवालाहरुसँग छलफल गर्दै समस्याहरुलाई स्थानीयस्तरबाट समाधान गर्न प्रयास गरिएको छ भने न्यून विद्यार्थी भएको विद्यालयको हकमा विद्यार्थी वृद्धि गर्ने पहल सहितको कार्ययोजना पेश गर्न पत्राचार गरिएको छ।

यस क्रममा शिक्षकको नियमितता, पाठ्यपुस्तकको उपलब्धता लगायत शैक्षिक सामग्रीहरुको उपलब्धता, कक्षाकोठामा शिक्षण सिकाईको अवस्था, व्यवस्थापन समितिको भूमिका तथा कृयाशिलता लगायतका विषयहरुलाई अनुगमन निरीक्षणका क्रममा विशेष रुपमा जोड दिँदै क्रमश: विद्यालय सुधारको प्रयास गरिएको छ।

### विद्यार्थी भर्ना अभियान - २०७५

नेपालको संविधानको धारा ३१ ले आधारभूत शिक्षामा सबै नागरिकको पहुँच हुने सुनिश्चित गर्दै धारा ५१(ज)१ मा शिक्षालाई बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिइने उल्लेख भएको छ। त्यस्तै गरी संविधानको अनुसूची ८ मा आधारभूत तह र माध्यमिक तहको शिक्षा ब्यबस्थापनको जिम्मेवारी स्थानीय तहले प्राप्त गरेको छ। सक्षम र सवल जनशक्तिको उत्पादन विद्यालय जाने उमेर समूहका बालबालिकाहरु विद्यालय भर्ना सुनिश्चित गरेर मात्र आरम्भ हुने हुँदा विद्यालय भर्ना अभियान महत्वपूर्ण हुन जान्छ। देशमा संघीयता लागू हुनु पूर्व शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न शिक्षा मन्त्रालय र यस अन्तर्गतका निकायहरुले अनौपचारिक विद्यालय

शिक्षा, निरन्तर शिक्षा, पूर्ण साक्षर कार्यक्रम, विद्यार्थी भर्ना अभियान, नियमित शिक्षा आदि क्रियाकलापहरु संचालन गर्दै आएकोमा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहमा संचालनको ब्यवस्था भए अनुसार भरतपुर महानगरपालिकाले पनि यस्तै विभिन्न प्रकारका कार्यक्रमहरु संचालन गरी भरतपुर महानगरपालिका क्षेत्र भित्र शिक्षामा पहुँच एवम् गुणस्तरमा सुनिश्चितता गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । यसै क्रममा भरतपुर महानगरपालिकाले शैक्षिक सत्र २०७५ मा “हामी सवैको इच्छा, अनिवार्य नि:शुल्क आधारभूत शिक्षा” भन्ने आदर्श वाक्य र “एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता र सिकाइमा स्थायीत्व” भन्ने मूल नाराका साथ भर्ना अभियान कार्यक्रम संचालन गरी आधारभूत तह उमेर समुहका सवै बालबालिकाहरुलाई विद्यालय भित्र ल्याउने प्रतिबध्दता गरेको छ।

यस महानगरपालिकाबाट संचालन भएको विद्यार्थी भर्ना अभियान कार्यक्रममा मिति २०७५/०१/०२ गते आधारभूत विद्यालय दद्रहनीमा नगर उपप्रमुख श्री पार्वती शाह ठकुरीज्यूको प्रमुख आतिथ्यतामा उप-सचिव श्री वीरेन्द्रजङ्ग थापा र शिक्षा अधिकृतहरु, स्रोत ब्यक्ति एवम् स्थानीय शिक्षाप्रेमी शिक्षक–शिक्षिका तथा अभिभावकहरुको समुपस्थितिमा कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई एक सेट पाठ्यपुस्तक उपलब्ध गराई भर्ना अभियान शुरु गरिएको थियो।



सोही दिन २०७५/०१/०२ गते श्री जानकी मा.वि. मेघौली र श्री आधारभूत विद्यालय लौखरीमा प्रदेश नं ३ (ख) चितवनका माननीय सांसद श्री कृष्णप्रसाद भुर्तेलज्यूको प्रमुख आतिथ्य र शैक्षिक प्रशासन महाशाखाका उप-सचिव श्री वीरेन्द्र जङ्ग थापा लगायत शिक्षा अधिकृतहरु, वडा नं २७ का वडा अध्यक्ष श्री गोविन्द तामाङ र वडा नं २८ का वडा अध्यक्ष श्री आशबहादुर कुमाल एवं स्थानीय शिक्षा प्रेमीहरु, अभिभावक, शिक्षक–शिक्षिका लगायत विद्यार्थीहरुको समुपस्थितिमा भर्ना हुन आएका विद्यार्थी भाइबहिनीहरुलाई एक थान पाठ्यपुस्तक प्रदान गरी भव्य कार्यक्रम आयोजनाका साथ भर्ना अभियान कार्यक्रम सम्पन्न गरिएको थियो।



मिति २०७५/०१/०३ गते यस महानगरपालिकाको २२ नं वडामा संचालित श्री आधारभूत विद्यालय धनौजीमा यस्तै कार्यक्रम आयोजना गरिएको थियो । यस कार्यक्रममा नगर उपप्रमुख श्री पार्वती शाहले कार्यक्रमको प्रमुख आतिथ्यता गर्नुभएको थियो भने उक्त कार्यक्रममा शैक्षिक प्रशासन महाशाखाका प्रमुख उप-सचिव श्री वीरेन्द्र जङ्ग थापा लगायत सो वडाका वडाध्यक्ष श्री विष्णुराज महतो, शिक्षा अधिकृतहरु, स्थानीय शिक्षा प्रेमी र शिक्षक–शिक्षिका तथा विद्यार्थीहरुको समुपस्थितिमा नयाँ भर्ना भएका विद्यार्थीहरुलाई स्वागत स्वरुप टिका, माला र एकसेट पाठ्यपुस्तक उपलब्ध गराउँदै हर्षोल्लासका साथ कार्यक्रम गरिएको थियो।



भरतपुर महानगरपालिका नं २९ वडा अन्तर्गत श्री कविलास माध्यमिक विद्यालयमा नगर प्रमुख श्री रेनु दाहालज्यूको प्रमुख आतिथ्यतामा प्रमुख प्रशासकीय अधिकृत श्री प्रेमराज जोशी, शैक्षिक प्रशासन महाशाखाका प्रमुख उप–सचिव वीरेन्द्र जङ्ग थापा लगायत स्थानीय बुद्धिजीवि, वडा अध्यक्ष, अभिभावक, शिक्षक तथा विद्यार्थीहरुको उपस्थितिमा भर्ना अभियान कार्यक्रम आयोजना गरी विभिन्न कक्षामा भर्ना भएका विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण समेत गरिएको थियो।




सोही दिन महानगरपालिकाको वडा नं २८ मा अवस्थित साझापुर मा.वि. मा पूर्व प्रधानमन्त्री एवम् चितवन जिल्ला क्षेत्र नं ३ का प्रतिनिधि सभा सदस्य माननीय श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को प्रमुख आतिथ्यता एवम् शिक्षा विभागको महानिर्देशक श्री बावुराम पौडेलको विशिष्ट उपस्थितिमा भव्य कार्यक्रमको आयोजना गरी विद्यार्थी भर्ना अभियान तथा अभिभावकत्व ग्रहण कार्यक्रम सम्पन्न भएको थियो।




विद्यार्थी भर्ना अभियान २०७५ को अवसरमा भरतपुर महानगरपालिका क्षेत्रभित्र तपसिल वमोजिमका व्यक्तित्वहरुबाट अभिभावकत्व ग्रहण समेत गरिएको थियो। यसरी अभिभावकत्व ग्रहण गर्ने विशिष्ट महानुभाव तथा शैक्षिक अभियन्ताहरुको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्र सं | अभिभावकत्व लिने विशिष्ट ब्यक्तित्व | पद | भर्ना भएका विद्यार्थीको नाम | विद्यालयको नाम | भर्ना भएको कक्षा |
|---|---|---|---|---|---|
| १ | मा. श्री पुष्पकमल दाहाल 'प्रचण्ड' | पूर्व प्रधानमन्त्री एवं सदस्य प्रतिनिधि सभा | १) अरुण माझी | साझापुर मा.वि. मेघौली | १ |
| | | | २) पत्रुस मुसहर | साझापुर मा.वि. मेघौली | बालविकास |
| २ | मा. श्री कृष्णप्रसाद भुर्तेल | प्रदेश सभा सदस्य, ३ नं प्रदेश, चितवन ३ 'क' | अनिश पाण्डे | जानकी मा.वि. मेघौली | ७ |
| ३ | श्री रेनु दाहाल | प्रमुख, भमनपा | अनिशा चेपाङ | कविलास मा.वि. जुगेडी | १ |
| ४ | श्री पार्वती शाह ठकुरी | उप-प्रमुख, भमनपा | मेलीना वि. क. | रा.आ.वि खद्रौली | ४ |
| ५ | श्री वीरेन्द्रजङ्ग थापा | उप-सचिव, भमनपा | कुशलता दराई | रा. आ.वि लौखरी | २ |

| कार्यक्रम संकेत नं. | कार्यक्रम | क्रियाकलाप | इकाइ लागत | वार्षिक लक्ष्य | प्रथम चौमासिक प्रगति | | दोश्रो चौमासिक प्रगति | | तेस्रो चौमासिक प्रगति | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
